# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शैक्षिक प्रशासन महाशाखा

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सः (शिक्षा) ०८०/०८१
च.नः ११८७

Email: bmceducationsection@gmail.com

मितिः २०८०/०५/१८

विषयः- विषय विशेषज्ञमा सूचिकृत हुने सूचनाको म्याद थप गरिएको सम्बन्धमा।

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय शैक्षिक प्रशासन महाशाखाको च.नं. ८४८, मिति २०८०/०५/०१ को विषय विशेषज्ञमा सूचिकृत हुने सम्बन्धि सूचना अनुसार भरतपुर महानगरपालिकाको करारमा शिक्षक नियुक्ति कार्यविधि, २०७६ को परिच्छेद ३ दफा ५ बमोजिम महानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा रिक्त रहेका र रिक्त हुने स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, शिक्षण सहयोग अनुदान, युवा स्वयंमसेवक शिक्षक अनुदानमा नियमानुसार करार सेवामा शिक्षक नियुक्ति एवंम् प्रधानाध्यापक नियुक्ति गर्दा गठन गरिने छनौट समितिमा विषय विज्ञको रुपमा रहि कार्य गर्न इच्छुक योग्यता पुगेका स्थायी शिक्षकहरुवाट आवश्यक कागजात सहितको निवेदन माग गरिएकोमा तोकिएको मिति भित्र विषयगत रुपमा पर्याप्त निवेदन पर्न नआएकोले मिति २०८०/०५/२४ गते सम्मको लागि म्याद थप गरिएको छ।भरतपुर महानगरपालिकामा कार्यरत योग्यता पुगेका इच्छुक स्थायी शिक्षकहरुबाट यस अघि प्रकाशन गरिएको सूचनाबमोजिमका आवश्यक कागजात सहित विषय विशेषज्ञमा सूचिकृत हुनको लागि निवेदन पेस हुन यो सूचना प्रकाशित गरिएको छ।

२०८०।५।१८
ऋषिराम शर्मा
अधिकृतस्तर आठौं

श्री सूचना तथा सञ्चार प्रविधि शाखा- वेवसाइटमा अपलोड गरिदिनु हुन।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned with CamScanner